**तिनाउ गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८०।११।०२ गतेको ४६ औं बैठकका निर्णयहरुः**

१. गाउँपालिकाको वडा नं. ६ को चिदिसको लुम्पेक डाँडामा मिति २०८०।११।०१ गते डुम्रेबाट वडा नं. ६ को चिदिस हुँदै शिखरडाँडा तर्फ जाँदै गरेको जिप दुर्घटना हुँदा मृत्यु हुने सबै प्रति श्रद्धाञ्जली व्यक्त गर्ने निर्णय गरियो । साथै उक्त घटनामा घाइते हुनु भएका सम्पूर्ण घाइतेहरु प्रति शिघ्र स्वास्थ्य लाभको कामना गर्दै मृत्यु भएका व्यक्तिहरुका शोक सन्तप्त परिवार प्रति समवेदना व्यक्त गर्ने निर्णय गरियो ।

२. गाउँपालिकाको वडा नं. ६ को चिदिसको लुम्पेक डाँडामा मिति २०८०।११।०१ गते डुम्रेबाट वडा नं. ६ को चिदिस हुँदै शिखरडाँडा तर्फ जाँदै गरेको जिप दुर्घटनाको कारणबाट सम्पूर्ण गाउँपालिका शोकमा ढुबेको कारण मिति २०८०।११।०२ गते यस गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका शिक्षा, स्वास्थ्य, सरकारी संघसँस्था तथा अन्य सम्पूर्ण क्षेत्रमा शोक विदा दिने निर्णय गरियो ।

३. गाउँपालिकाको वडा नं. ६ को चिदिसको लुम्पेक डाँडामा मिति २०८०।११।०१ गते डुम्रेबाट वडा नं. ६ को चिदिस हुँदै शिखरडाँडा तर्फ जाँदै गरेको जिप दुर्घटनामा मृत्यू हुने मृतकका परिवारहरुलाई राहत स्वरुप पालिकास्तरीय विपद् व्यवस्थापन कोषबाट जनही रु. ३५ हजार उपलब्ध गराउने निर्णय गरियो । साथै उक्त घटनामा घाइते हुने नागरिकहरुको उपचारको लागि सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

४. मिति २०८०।११।०१ गते डुम्रेबाट वडा नं. ६ को चिदिस हुँदै शिखरडाँडा तर्फ जाँदै गरेको जिप दुर्घटनामा परी गाउँपालिकाका धेरै नागरिकहरुको धनजनको क्षेती भएकोले अब आइन्दा गाउँपालिकाको दुर्घटना सम्बेदनशिल क्षेत्रहरुमा सवारी साधनको क्षमता भन्दा बढी यात्रुहरु चढाइ आवतजात नगर्न नगारउन सार्वजनिक रुपमा आव्हान गर्ने निर्णय गरियो ।